# कोरोना भाइरस (कोभिड-१९)" को संक्रमणको पहिचान, रोकथाम , नियन्त्रण तथा उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन कार्यविधि ,२०७६

झिमरुक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भ्यागुते,प्यूठान

५ नं. प्रदेश,नेपाल

# कोरोना भाइरस (कोभिड-१९)" को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन कार्यविधि ,२०७६

**प्रस्तावना:**कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचार सम्वन्धी कार्यमा संलग्न जनशक्तिलाई झिमरुक गाउँपालिकाको मिति २०७७/०३/१३ गतेको निर्णय वमोजिम जोखिम भत्ता उपलव्ध गराउन वाञ्छनीय भएकोले संक्रमण ऐन, २०२० को दफा २ र नेपाल सरकारको मिति २०७६/१२/२३ को निर्णय वमोजिम झिमरुक गाउँ कार्यपालिकाको वैठकले यो कार्यविधि वनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम "कोरोना भाइरस (कोभिड-१९)" को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन कार्यविधि २०७६, रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

क. उपचार भन्नाले कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको , पहिचान, रोकथाम नियन्त्रण तथा उपचार सम्वन्धी स्वास्थ्य सेवा सम्झनु पर्दछ।

ख. "कोभिड-१९" भन्नाले यस SARS-COV-2 भाइरसको संक्रमणबाट मानिसलाई हुने रोग सम्झनु पर्दछ।

ग. "गाउँपालिका " भन्नाले झिमरुक गाउँपालिकालाई सम्झनु पर्दछ।

घ. "जनशक्ति भन्नाले कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उपचारमा संलग्न दफा ३ वमोजिमको कार्यमा संलग्न देहाय वमोजिमका जनशक्ति सम्झनु पर्दछ।

१. चिकित्सक

२. नर्स

३. पारामेडिक्स

४. प्रयोगशालाकर्मी

५. एम्वुलेन्स चालक/सवारी चालक

६. हलुका सवारी चालक
७. स्वास्थ्य चौकी,आधारभूत स्वास्थ्य सेवा केन्द्र र गाउँपालिकामा कार्यरत कार्यालय सहयोगी
८. सरसफाईमा संलग्न कर्मचारी
९. सम्वन्धित कार्यालय प्रमुखले कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रण र उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न भएको भए प्रमाणित गरेका कर्मचारी

३. **जोखिम भत्ता प्राप्त गर्न सकिने:** कोभिड-१९ को संक्रमणको उपचारमा संलग्न देहाय बमोजिमका निकायका देहाय बमोजिमका काममा खटिएका जनशक्तिले जोखिम भत्ता प्राप्त गर्न सक्ने छन :-

**क. देहाय बमोजिमका हेल्थ डेस्कमा कार्यरत जनशक्ती**

१. झिमरुक गाउँपालिकाले आवश्यक ठानी विभिन्न स्थानमा खडा गरिएका हेल्थ डेस्कमा खटिएका,

**ख. देहाय बमोजिमका क्वारेन्टाइनमा कार्यरत जनशक्ति**

१. कोभिड-१९ को संक्रमण हुन सक्ने शंका गरिएका विभिन्न नाकाबाट नेपाल प्रवेश गरेका स्वदेशी वा विदेशी नागरिकलाई राख्नको लागि गाउँपालिकाबाट खडा गरिएका क्वारेन्टाइनमा खटिएका।

२. कोभिड-१९ को संक्रमण हुन सक्ने शंका गरिएका देशभित्र रहेका व्यक्तिलाई गाउँपालिकाबाट खडा गरिएका क्वारेन्टाइनमा नै राख्नु पर्ने भनी सिफारिश गरिएका व्यक्तिहरुलाई राख्नको लागि खडा गरिएका क्वारेन्टाइनमा खटिएका।

**ग. देहाय बमोजिमका उपचारमा संलग्न जनशक्ति**

१. संक्रमणको शंकास्पद व्यक्तिलाई शुरु परीक्षण(स्क्रिनिङ्ग) र सो कार्यमा सहयोग पुऱ्याउने तथा फिवर (ज्वरो) क्लिनिकमा खटिएका जनशक्ति ,

२. संक्रमणको शंकास्पद व्यक्तिलाई आइसोलेशनमा राखेको अवस्थामा त्यस्तो आइसोलेशन वेड तथा वार्डमा खटिएका जनशक्ति ,

३. संक्रमण भई उपचाररत रहेका व्यक्तिको उपचारमा खटिएका जनशक्ति।

**घ. देहाय बमोजिमका प्रयोगशालामा परीक्षणमा संलग्न जनशक्ति**

१. कोभिड-१९ को संक्रमणको शंकास्पद व्यक्तिको नमूना संकलन, प्याकिङ्ग र ढुवानी कार्यमा संलग्न जनशक्ति

**ङ. खण्ड (क) (ख) (ग) र (घ) बमोजिमको जनशक्तिलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोगको लागि तत् स्थानमा खटिएका जनशक्ति**

**च. कोभिड-१९ का विरामीहरुसंग सम्पर्कमा आएकाहरुको खोजी कार्य(कन्ट्याक्ट ट्रेसिङ्गमा ) खटिएका स्वास्थ्यकर्मी**

**छ. यस दफामा उल्लिखित जनशक्ति बाहेक गाउँपालिकामा खण्ड (क) (ख) (ग) र (घ) मा उल्लिखित जनशक्तिको व्यवस्थापनमा संल्गन जनशक्ति ।**

**ज. यस कार्यविधि वमोजिमको कार्यको अनुगमन,मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न जनशक्ति।**

## ४. विवरण तथा कागजात संलग्न गर्नु पर्ने

१. जोखिम भत्ता प्राप्त गर्नको लागि पुष्टयाँई सहितको देहाय बमोजिमका विवरण तथा कागजात संलग्न गरी दफा ६ बमोजिमको निकायमा पेश गर्नु पर्ने छ।

क. दफा ३ वमोजिमको कार्य गर्नको लागि खटाएको प्रमाण वा खटिएको स्थानमा कार्य गरेको प्रमाणित हाजिरी।

ख. क्वारेन्टाइनको हकमा संम्भावित संक्रमित व्यक्ति क्वारेन्टाइन वसेको विषय पुष्ठी गर्ने विवरण

ग. फिवर (ज्वरो) क्लिनिकको हकमा फिवर क्लिनिक संचालन गरेको प्रमाण तथा फिवर क्लिनिकमा चेकजाँच भएका व्यक्तिको विवरण ।

घ. उपचारमा संलग्न जनशक्तिको हकमा शुरु परीक्षण गरेका, आइसोलेशनमा राखेका तथा संक्रमणको पुष्टि भई उपचार गरेका विरामीको विवरण ।

ङ. प्रयोगशाला परीक्षणमा संलग्न जनशक्तिको हकमा नमूना संकलन गरिएका व्यक्तिको विवरण ।

२. उपदाफा १ को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि कोभिड-१९ को संक्रमण भएका व्यक्तिहरुलाई उपचार गर्न तोकिएका कार्यरत जनशक्ति र दफा ३ को खण्ड (च) र (छ) बमोजिमको जनशक्तिको हकमा खटाएको पत्र आवश्यक पर्ने छैन।

५. **जोखिम भत्ता व्यवस्थापन**: (१) कोभिड-१९ को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचारमा खटाईएका जनशक्तिलाई गाउँपालिकाले नै जोखिम भत्ता व्यवस्था गर्ने ।

६. **जोखिम भत्ता:**

क. संक्रमणको पुष्टि भई आइसोलेशनमा राखिएका विरामीहरुको उपचारमा प्रत्यक्ष संलग्न जनशक्तिलाई तोकिएको शुरु तलव स्केलको शत प्रतिशत

ख. कोभिड-१९ को शंका लागि क्वारेन्टाइनमा राखिएका व्यक्तिहरुको आर.डि.टी परीक्षण ,स्वाव संकलनमा खटिएका प्रयोगशालाकर्मीलाई तोकिएको शुरु तलब स्केलको शत प्रतिशत ।

ग. खण्ड (क) (ख) को कार्यमा सहयोग पुर्‍याउने कार्यमा संलग्न र दफा ३ को खण्ड (ङ) (च) र (छ) बमोजिम तोकिएका व्यक्तिलाई नेपाल सरकारले तोकेको शुरुको तलब स्केलको ५० प्रतिशत ।

७. **अनुगमन गर्ने:** जोखिम भत्ता लागु भए नभएको र जोखिम भत्ता दुरुपयोग भए नभएको सम्वन्धमा गाउँपालिकाले अनुगमन गर्ने छ ।

८. **जोखिम भत्ताको अवधि:** मिति २०७६ चैत्र ११ गतेदेखि कोभिड-१९ को नियन्त्रण नभए सम्मको अवधिसम्म ।

९. **गाउँपालिकाले आवश्यक व्यवस्थापन गर्ने**: यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्ने छ ।

झिमरुक गाउँपालिकाको बैठकवाट मिति २०७७/०३/२१ गते पारित यो कार्यविधि झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि ) नियमावली, २०७४ को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणीकरण गर्दछु ।

.............................

कमल प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत
मिति २०७७/०३/२१